## फालेलुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

**(आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम)**

सभाका सम्मानित सभाध्यक्ष ज्यू,
सम्पूर्ण सभासद ज्यूहरु,
सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राष्ट्रसेवक कर्मचारीहरु,
तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

फालेलुङ गाउँपालिकाको गरिमामय दशौं गाउँसभामा उपस्थित यहाँहरु सबैलाई सर्वप्रथम हार्दिक स्वागत गर्न चाहन्छु ।

म यस घडीमा, इतिहासदेखि वर्तमानसम्म विभिन्न कालखण्डमा स्वतन्त्रता, जनाधिकार र सकारात्मक परिवर्तनका खातिर आफ्नो ज्यानको उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा बेपत्ताहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

न्यायप्रेमी जनताहरुको लामो संघर्ष र बलिदानको फलस्वरुप जननिर्वाचित संविधानसभाद्वारा जारी गरिएको वर्तमान नेपालको संविधान हामी सबै नेपालीहरुको साझा सम्पत्ति हो । आजसम्म प्राप्त सबैखाले परिवर्तन र उपलब्धिहरुलाई यही संविधानमा संस्थागत गरिएका छन् । वर्तमान संविधानले परिकल्पना गरेको ३ तहको अधिकार सम्पन्न सरकारको अवधारणा अनुरुपको स्थानीय सरकारका रुपमा रहेको फालेलुङ गाउँपालिकाको दशौं गाउँसभामा आ व २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु ।

स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार र कर्तव्य बमोजिम गाउँपालिकाको श्रोत साधनको उपलब्धताका आधारमा जनताको आशा, आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्दै जानु स्थानीय सरकारको अहम् दायित्व हो । फालेलुङ गाउँपालिकाको जननिर्वाचित सिंगो गाउँसभा तथा गाउँकार्यपालिका विगतदेखि नै गाउँपालिकाको सर्वाङ्गीण विकास र गाउँबासीहरुको सर्वोपरि हितप्रति समर्पित हुँदै आइरहेको छ व्यहोरा म अनुरोध गर्न चाहन्छु ।

आ.व. २०७७/०७८ को संसोधित अनुमान समेतको अवस्था र अनुभवलाई आधार मान्दै तयार गरिएको २०७८/०७९ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम अब म प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सम्मानित सभाध्यक्ष महोदय, अब म आ व २०७८।०७९ को नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

### विषय/क्षेत्रगत नीति तथा कार्यक्रमहरुः

### (क) आर्थिक विकास

#### कृषि नीति तथा कार्यक्रमः

फालेलुङ गाउँपालिकाको आ. व. २०७८।०७९ को कृषि नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन् :

- ✓ व्यवसायिक साझेदारी खेतीलाई प्रोत्साहन गरिनेछ ।
- ✓ साना सिंचाई कार्यक्रम अन्तर्गत आ. व. २०७८।०७९ भित्रमा १० वटा साना सिंचाइ आयोजनाहरु सम्पन्न गरिनेछ । वडा नं १ र २ लाई जुनार पकेट क्षेत्रका रुपमा विकास गरिनेछ ।
- ✓ गाउँपालिका क्षेत्रभित्र जैविक विषादि निर्माण तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- ✓ मौसमी बीउ वितरणलाई अघि बढाइनेछ ।
- ✓ फिलुङ्गे, तोरी, फापर, बेसारजस्ता लोपोन्मुख बाली संरक्षण सहयेग कार्यक्रमलाई अगाडि बढाइनेछ ।

- ✓ च्याउको बीउ वितरणमा अनुदान दिइनेछ।
- ✓ गहुँको उन्नत जातको बीउ सहयोग कार्यक्रम अघि बढाइनेछ।
- ✓ मौरीपालन तालिम सञ्चालन गरिनेछ।

**<u>पशु सेवा सम्बन्धी नीति तथा कार्यक्रमः</u>**

- गाउँपालिकाभित्र घरपालुवा चौपायाहरुको कृत्रिम गर्भाधानलाई व्यवस्थित बनाउन ए. आइ. कन्टेनर, ए. आइ. रेफ्री, रेफ्रिजेरेटरजस्ता सामग्री खरिद गरिनेछ।
- गाउँपालिका क्षेत्रिभित्र माइनर सर्जिकल उपचार, मेजर सर्जिकल उपचार, गाइनोकोलोजिकल उपचार, आकस्मिक पशु उपचार सेवा दिइनेछ।
- घरपालुवा चौपायाहरुको पारासाइटोलोजिकल परीक्षण हेमाटोलोजिकल परीक्षण, छाला परीक्षण, थुनेलो परीक्षणलाई घनीभूत बनाइनेछ।
- गाउँपालिकाभित्र पशु आहारको कमी हुन नदिन जै घाँसको बीउ वितरण गरिनेछ।
- पर्या पर्यटनलाई बढावा दिन सदा वर्ष झैं चौंरी महोत्सव आयोजना गरिनेछ।
- भैंसीको पाडा हुर्काउने सम्बन्धमा विशेष कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।
- घरपालुवा चौपायाहरुको नश्ल सुधारका कार्यक्रमहरु ल्याइनेछ।

**<u>सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः</u>**

- महिला सहकारी भवन निर्माण कार्यलाई पूर्णता दिइनेछ।
- सहकारी संस्थामा संलग्न व्यक्तिहरुलाई लक्षित गरी क्षमता विकास तालिम दिइनेछ।

**(ख) <u>सामाजिक विकास</u>**

**<u>शिक्षा, युवा तथा खेलकूद सम्बन्धी नीति तथा कार्यक्रमः</u>**

- सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिकसँग शिक्षा, युवा तथा खेलकूद शाखाको अन्तरक्रियालाई बढाई शिक्षाको गुणस्तर वृद्धिका लागि विशेष पहल गरिनेछ।
- बालविकास केन्द्रका बालबालिकाहरुका लागि अभ्यास पुस्तिका तथा सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि गृहकार्य डायरी तयार गरी वितरण गरिनेछ।
- सामुदायिक विद्यालयमा प्राथमिक उपचारलाई सुनिश्चित गरिनेछ।
- शैक्षिक क्रियाकलापलाई पूर्वानुमानयोग्य बनाउन शैक्षिक क्यालेण्डर छपाई सम्बन्धित सबैलाई वितरण गरिनेछ।
- विद्यार्थीहरुको अतिरिक्त प्रतिभालाई प्रस्फुटन गराउन विभिन्न प्रतियोगितात्मक तथा सिर्जनात्मक कार्यक्रमहरुको आयोजना गरिनेछ।
- गाउँपालिकाभित्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरिनेछ।
- विभिन्न स्थानमा खेलमैदान निर्माण तथा स्तरोन्नति गरिनेछ।
- विभिन्न किसिमका खेलकूद प्रतियोगिताहरु आयोजना गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः**

- कोभिड - १९ को रोकथाम तथा उपचारका लागि विशेष पहल गरिनेछ ।
- अत्यावश्यक औषधीहरु खरिद गरी नि:शुल्क वितरण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र मिति गुज्रेका खाद्य सामग्रीको बेचबिखनलाई कडाइका साथ रोक लगाइनेछ ।
- नियमित रुपमा बजार अनुगमन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरुको आयोजना गरिनेछ ।
- विभिन्न रोगहरुको निदान तथा उपचारका लागि नि:शुल्क स्वास्थ्य शिविरहरु सञ्चान गरिनेछ ।
- गाउँबासीहरुलाई नि:शुल्क रक्तसञ्चार सेवा प्रदान गरिनेछ ।

**खानेपानी सम्बन्धी नीति तथा कार्यक्रमः**

- खानेपानीका श्रोतहरुको उचित संरक्षण र संवर्द्धन गरिनेछ ।
- खाने पानी शुद्धिकरणका लागि आवश्यक पहल गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमः**

- दलित तथा ज्येष्ठ नागरिकहरुका लागि सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदिवासी जनजाति, अपाङ्ता भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- राज्यबाट सामाजिक सुरक्षा नपाउने ६० वर्षदेखि ६९ वर्षसम्मका एक पुरुषहरुका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला भवन निर्माणलाई पूर्णता दिइनेछ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सरको नि:शुल्क परीक्षणको प्रबन्ध गरिनेछ ।
- सामुदायिक विद्यालयमा कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

**सांस्कृतिक प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमः**

- धार्मिक सदभाव र सहिष्णुतालाई बढावा दिइनेछ ।
- सबैखाले धार्मिक तथा सांस्कृतिक महत्वका संरचनाहरुको निर्माण, संरक्षण र जिर्णोद्धार कार्यलाई निरन्तरता दिइनेछ ।
- घाट तथा विश्राम स्थलहरुको उचित संरक्षण गरिनेछ ।
- अनेकतामा एकताको मूल मन्त्रलाई अंगीकार गरिनेछ ।
- विविधता व्यवस्थापनमा जोड दिइनेछ ।

**(ग) भौतिक पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रमः**

- गाउँपालिकाको प्रशासनिक भवनको बहुवर्षीय ठेक्का खुलाई रकम अभाव हुन नदिई काम अघि बढाइनेछ ।
- निर्माण हुन बाँकी रहेका वडा कार्यालय तथा महिला भवनहरुको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- संघ तथा प्रदेश सरकारको समपूरक अनुदानमा साझेदारी गरी ठूला र रणनीतिक महत्वका सडकहरुको निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- केही महत्वपूर्ण सडक खण्डहरुको डि. पि. आर. गराइनेछ ।
- साना सिंचाइ कार्यक्रम सञ्चालन गर्न सहयोगी निकायहरुसँग सहकार्य गरिनेछ ।

**(घ) पर्यटन, वन तथा वातावरण संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमः**

- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको पहिचान गरिनेछ।
- झरना, गुफा, पोखरी, पदमार्ग आदिको उचित संरक्षण तथा संवर्द्धन गरिनेछ।
- वृक्षारोपण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- वन संरक्षणलाई महत्वका साथ अघि बढाइनेछ।
- जडिबुटीहरुको पहिचान र संरक्षणमा ध्यान दिइनेछ।
- शहीद पार्कहरुको मर्मत गरिनेछ।
- सार्वजनिक स्थलहरुमा सरसफाईका लागि व्यवस्था गरिनेछ।

**(ङ) सुशासन तथा सेवा प्रवाह सम्बन्धि नीतिः**

- नियमितता, मितव्ययीता, कार्यकुशलता, प्रभावकारिता र पारदर्शितामा जोड दिइनेछ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**सूचना प्रविधि सम्बन्धी नीति तथा कार्यक्रमः**

- कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ।
- कार्यालयको वेवसाइटलाई नियमित रुपमा अद्यावधिक गरिनेछ।

**बजार व्यवस्थापन र आपूर्ति सम्बन्धी नीति तथा कार्यक्रमः**

- नियमित रुपमाबजार अनुगमन र नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।
- उपभोक्ताको अधिकार सुनिश्चित गरिने छ।
- स्थानीय बजारमा कृत्रिम अभाव, कालाबजारी हुन दिइने छैन।
- स्थानीय उत्पादित वस्तुको प्रयोगमा प्राथमिकता दिने नीति लिइने छ।

धन्यवाद

मितिः २०७८/०३/१०

हिमा अधिकारी
(उपाध्यक्ष)
फालेलुङ गाउँपालिका
थोक्लिम्बा, पाँचथर

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम फालेलुङ गाउँसभाबाट पारित भएको यस ऐन, फालेलुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु।*

....................
सञ्च कुमार केरुङ
(अध्यक्ष)
फालेलुङ गाउँपालिका
थोक्लिम्बा, पाँचथर